तिमीहरूलाई थाहा छ गीबत [चुक्ली] भनेको के हो?" साथीहरूले भने: अल्लाह र उनका रसूल राम्ररी जान्दछन् । उहाँले भन्नुभयो: "तिमीले आफ्नो भाइको बारेमा उसलाई मन नपर्ने कुरा गर्नु

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "तिमीहरूलाई थाहा छ गीबत [चुक्ली] भनेको के हो?" साथीहरूले भने: अल्लाह र उनका रसूल राम्ररी जान्दछन् । उहाँले भन्नुभयो: "तिमीले आफ्नो भाइको बारेमा उसलाई
मन नपर्ने कुरा गर्नु।" साहबाले सोधे: हामीले भनेको कुरा यदि साँचो हो भने के त्यो
पनि चुक्ली हुन्छ? उहाँले भन्नुभयो: "तिमीले भनेको कुरा यदि साँचो हो भने तिमीले
उसको गीबत (चुक्ली) गर्यौ र यदि यो नभएको कुरा काट्येउ भने तिमीले उसलाई झुटो आरोप लगायौ ।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले निषेधित गीबतको व्याख्या यसरी गर्नुभएको छ : मुस्लिमको अनुपस्थितिमा उसलाई मन नपर्ने कुरा भन्नु । चाहे त्यो कुरा उसको शारीरिक संरचनासँग सम्बन्धित होस् वा उसको बानी र नैतिकतासँग, जस्तै : अन्धो, धोखेबाज र झूटो आदि त्यो गुण उसमा भए पनि । यदि त्यो गुण उसमा छैन भने, यो एक झूटा आरोप हो, जुन गीबत [चुक्ली] भन्दा ठूलो अपराध हो ।

http://www.sunnah.global/hadeeth/ne/show/5326